प्रदेश सरकार

# सामाजिक विकास मन्त्रालय

बागमती प्रदेश

हेटौंडा, मकवानपुर, नेपाल

## नोभल कोरोना भाइरस (कोभिड-१९) सम्बन्धि दैनिक प्रतिवेदन

मितिः २०७७/०९/१६

(बेलुका ५:०० बजे)


### ❖ बागमती प्रदेशमा संक्रमणको अवस्थाः


- हालसम्मको तथ्यांकमा यस प्रदेशमा देशको कुल संक्रमणको करिब पचपन्न प्रतिशत (५४.७२%) रहेको छ भने मृत्युको अनुपात यस प्रदेशमा तुलनात्मक रुपमा कम रहेको छ र मृत्यु हुनेमा बढ्दो उमेर र अन्य जिर्ण रोगहरुको सहरुग्णता देखिएको छ ।
- यस प्रदेशमा पछिल्ला दिनमा संक्रमितको संख्या तीव्र रुपमा बढेको हुनाले हाल उपचाररत बिरामीको संख्या कुल नेपालको भन्दा तुलनात्मक रुपमा बढी देखिएको हो।

| विवरण | नेपाल | बागमती प्रदेश |
|---|---|---|
| संक्रमण देखिएको (PCR) | २६०५९३(१००%) | १४२७०१ (१००%) |
| निको भएको | २५२३५९ (९६.८४%) | १३७८२७ (९६.५८%) |
| उपचाररत | ६३७८ (२.५३%) | ३९५२ (२.७७%) |
| मृत्यु भएको | १८५६ (०.७१%) | ९२२(०.६५%) |

श्रोतः सामाजिक विकास मन्त्रालय, बागमती प्रदेश; स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मिडिया ब्रिफिङ २०७७/०९/१६

### ❖ बागमती प्रदेशमा कोभिड-१९ संक्रमितहरुको लिंग र उमेर समुह अनुसारको विवरण यस प्रकार रहेको छः




स्रोतः EWARS, इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखा, २०७७/०९/१६

यस प्रदेशमा पुरुषहरुमा महिलाको तुलनामा बढि संक्रमण देखिएको छ भने २१ देखि ५० वर्ष समुहका व्यक्तिहरुमा कोभिड-१९को संक्रमण बढी देखिएको छ । विगतमा भन्दा अहिले ६० वर्षभन्दा बढी उमेरमा पनि संक्रमण बढदै गएको देखिन्छ ।

### ❖ गत २४ घण्टामा आइ. सी. यु र भेन्टिलेटरमा भएका बिरामीको संख्या:

यस प्रदेशमा गत २४ घन्टामा आइ. सी. यु र भेन्टिलेटरमा उपचाररत बिरामीको संख्या यस प्रकार रहेको छः

| **विवरण** | **काठमाण्डौ उपत्यकाभित्र** | **काठमाण्डौ उपत्यकाबाहिर** | **जम्मा** |
|---|---|---|---|
| **आइ. सी. यु मा उपचाररत बिरामीको संख्या** | ६७ | १९ | ८६ |
| **भेन्टिलेटरमा उपचाररत बिरामीको संख्या** | १९ | ० | १९ |

### ❖ गत २४ घण्टामा प्राप्त जिल्लागत निधनको संख्या जसमा बिगतमा छुट भएको संख्या पनि समाबेस भएको छः

| **जिल्ला** | **मृतकको संख्या र विवरण** | |
|---|---|---|
| | **संख्या** | **विवरण** |
| कभ्रेपलान्चोल | १ | ८३ बर्षिया महिला |
| भक्तपुर | ३ | ८३ बर्षिय पुरुष , ५३ बर्षिय पुरुष, ४५ बर्षिय पुरुष |
| **जम्मा — ४** | | |

### ❖ निधनको विवरण निम्न बमोजिम रहेको छः

- काभ्रेपलान्चोकको ८३ बर्षिया महिला कोभिड र निमुनिया रोगका कारणले पौष १४ गते अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा पौष १५ गते निधन भएको छ । उहाँको पौष १५ गते कोभिड-१९ पुष्टि भएको थियो। उहाँलाई अन्यकुनै रोगको समस्या थिएन।

- भक्तपुरका ८३ वर्षिय पुरुष कोभिड र मुटुमा समस्या भएको कारणले मंशिर २१ गते अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा मंशिर २९ गते निधन भएको छ । उहाँको मंशिर २१ गते कोभिड-२९ पुष्टि भएको थियो। उहाँलाई दम र मधुमेह रोगको समेत समस्या थियो।
- भक्तपुरका ५३ वर्षिय पुरुष कोभिड र मुटुमा समस्याको कारणले मंशिर ७ गते अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा मंशिर १८ गते निधन भएको छ । उहाँको मंशिर १० गते कोभिड-२९ पुष्टि भएको थियो। उहाँलाई अन्यकुनै रोगको समस्या थिएन।

- भक्तपुरका ४५ वर्षिय पुरुष कोभिड र हाइपर-ग्यालिसिमिया समस्याको कारणले मंशिर ९ गते अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा मंशिर १० गते निधन भएको छ । उहाँको मंशिर १० गते कोभिड-१९ पुष्टि भएको थियो। उहाँलाई मधुमेह रोगको समेत समस्या थियो।उहाँलाई उच्चरक्तचाप रोगको समस्या थियो।

- उहाँहरुको दुखद् निधनमा सामाजिक विकास मन्त्रालय हार्दिक समवेदना प्रकट गर्दछ।

## ❖ जिल्लागत क्वारेन्टाइन, आइसोलेसन, पी.सि.आर.(PCR) परिक्षण सम्बन्धी विवरणः

- हालसम्म बागमती प्रदेशमा ७४७७ वटा क्वारेन्टाईन बेड ब्यवस्थापन गरिएकोमा हाल २२१ जना बसिरहनुभएको छ भने ६९९ जना होम क्वारेन्टाईनमा हुनुहुन्छ । यस प्रदेशमा ४७०७ वटा आइसोलेशन बेड तयारी अवस्थामा रहेको छ जसमा अहिले २६९५ जना (केहि जिल्लामा होम आइसोलेसनमा भएकाको समेत विवरण उल्लेख गरिएको) संस्थागत आइसोलेसनमा र १३२५ जना होम आइसोलेसनमा बसिरहनुभएको छ । आजको मितिसम्मको विवरण अनुसार यस प्रदेशमा १०५५५९८ जनाको पिसिआर परिक्षण गरिएको छ र १४२७०१ जनामा संक्रमण देखिएको छ ।थप विवरण निम्न बमोजिम रहेको छ ।

| जिल्ला | RT-PCR परिक्षण सम्बन्धी विवरण | | | कै |
|---|---|---|---|---|
| | जम्मा संकलित स्वाब संख्या | पोजेटिभ | आजको नयाँ संक्रमण | |
| काठमाण्डौ | ५८८८५८ | ९७१८५ | १८० | |
| ललितपुर | २६५६७० | १५३१० | ४३ | |
| भक्तपुर | २३८९४ | ८८६३ | २४ | |
| रसुवा | ३४७३ | २१६ | ४ | |
| नुवाकोट | १०००६ | १४३५ | २ | |
| धादिङ | ६४२१ | १६९१ | १ | |
| चितवन | ६४८०५ | ७३७६ | १७ | |
| सिन्धुली | ४२२५ | ५६९ | २ | |
| मकवानपुर | ३४१३३ | ४३३१ | १६ | |
| रामेछाप | ३०३५ | ५४६ | २ | |
| दोलखा | ३३३३ | ७३४ | १ | |
| काभ्रेपलान्चोक | ४८४६४ | ३४७२ | ५ | |
| सिन्धुपाल्चोक | ६६६१ | ९७३ | ० | |
| जम्मा | १०६२९७८ | १४२७०१ | २९७ | |

श्रोतः पोजिटिभ केसको विवरण स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिडिया ब्रिफिंगबाट दैनिक प्राप्त जानकारी अनुसार र अन्य विवरण सम्बन्धित जिल्लाबाट प्राप्त आजको अन्तिम अभिलेख (२०७७/०९/१६ )

## ❖ मुख्य-मुख्य क्रियाकलापहरुः

- **संक्रमितको खोजी र फलो-अप कार्यः**

  सम्बन्धित जिल्लाको स्वास्थ्य कार्यालय, स्थानीय महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका, गाउँपालिका, स्थानीय स्वास्थ्य संस्था एवम् अस्पतालहरु मार्फत सम्पर्कमा आएका व्यक्तिको खोजी, सम्पर्कितहरुको फलो-अप र अन्य व्यवस्थापन (काठमाण्डौ, भक्तपुर र ललितपुरको हकमा इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखाको समेत समन्वयमा) कार्य भईरहेको छ ।

## ❖ प्रादेशिक जनस्वास्थ्य प्रयोगशालामा भएको पि. सि. आर. परीक्षणको विवरण

प्रादेशिक जनस्वास्थ्य प्रयोगशालामा हिजोसम्म प्राप्त भएको पी. सी. आर परिक्षणको विवरण यस प्रकारको रहेको छः

| प्रयोगशाला | हालसम्म प्राप्त स्वाबको संख्या | आज प्राप्त स्वाब संख्या | आज परिक्षण भएको स्वाबको संख्या | आज परिक्षण भएको स्वाबको नतिजा | | कै |
|---|---|---|---|---|---|---|
| | | | | पोजिटिभ | नेगेटिभ | |
| VBDRTC, हेटौडाको प्रादेशिक जनस्वास्थ्य प्रयोगशाला | ३४०२४ | १० | १० | मकवानपुर- २ | ८ | |
| काभ्रेपलान्चोक, धुलिखेलको प्रादेशिक जनस्वास्थ्य प्रयोगशाला | १७१२१ | ४१ | २५ | भक्तपुर-३ | २२ | |
| त्रिशुली, नुवाकोट प्रादेशिक जनस्वास्थ्य प्रयोगशाला | ३६५२ | ६८ | ६८ | नुवाकोट - १<br>रसुवा - ४<br>चितवन-१<br>फोलोअप-४ | ५८ | |
| भक्तपुरको प्रादेशिक जनस्वास्थ्य प्रयोगशाला | ११९१ | २० | २० | फोलोअप-१ | १९ | |

## ❖ कोभिड-१९ सम्बन्धि थप जानकारी र मार्गदर्शनको लागि निम्न उल्लेखित वेबपेज हेर्न हार्दिक अनुरोध छः

-सामाजिक विकास मन्त्रालय, बागमती प्रदेशः http://mosd.p३.gov.np/

-स्वास्थ्य तथा जनसंख्या मन्त्रालयः https://covid१९.mohp.gov.np/#/

-नेपाल सरकार गृह मन्त्रालय : https://covid१९.ndrrma.gov.np/

-कोभिड-१९ संकट व्यबस्थापन केन्द्रः ccmc.gov.np

-इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखाः http://www.edcd.gov.np/news/covid-१९-situation-updates

-विश्व स्वास्थ्य संगठन / नेपालः https://www.who.int/nepal

**अन्त्यमा सदाझै यहाँहरूको अमूल्य सुझाव र सहयोगको अपेक्षा गर्दछौं ।**

**धन्यवाद !**

प्रवक्ता

डा. पुरुषोत्तम राज सेढाई